सधै र सबैको लागि खबर खोज्ने अभियान

खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक १८७ ♦ २०८२ साल फागुन २९ शुक्रवार ♦ 13 March 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

रामगोपालपुर-६ स्वास्थ्य केन्द्रमा जाँचबिना औषधि वितरणको गुनासो, गेट भाँचिँदा तीन बालक घाइते

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'
फागुन २८ गते, महोत्तरी

महोत्तरीको रामगोपालपुर नगर पालिका-६ स्थित विशम्भरपुरमा सञ्चालित प्राथमिक स्वास्थ्य केन्द्रमा बिरामीको स्वास्थ्य जाँचबिना नै औषधि वितरण गरिएको गुनासो सार्वजनिक भएको छ।

उक्त स्वास्थ्य केन्द्रमा कार्यरत कार्यालय सहायक काजल कुमारी मण्डलले उपचारका लागि आउने बिरामीलाई स्वास्थ्य जाँच नगरी औषधि दिने गरेको पाइएको हो। एसईई उत्तीर्ण मण्डलले स्वास्थ्य संस्थामा आउने बिरामीले बताएका लक्षणका आधारमा उपलब्ध औषधि दिने गरेको स्वीकार गर्नुभएको छ।

उहाँका अनुसार स्वास्थ्य केन्द्रमा प्रायः एक्लैले ड्युटी सम्हाल्नुपर्ने अवस्था रहेको छ। उहाँले भन्नुभयो, "यहाँ प्रायः म एक्लैले ड्युटी सम्हाल्छु। दिनभरि आउने बिरामीलाई सेवा दिनुपर्छ। कार्यालय प्रमुख सीअहेव सुरेश महतो प्रायः बाहिर बस्नुहुन्छ। बिरामीले आफ्नो समस्या बताएपछि सोही आधारमा यहाँ

उपलब्ध औषधि दिएर पठाउने गर्छु। समस्या स्पष्ट नभएमा भने फोनमार्फत सिअहेव महतो संग सल्लाह लिने गर्छु।"

स्वास्थ्य केन्द्रका कार्यालय प्रमुख महतो सो संस्थाका एक मात्र स्थायी कर्मचारी हुनुहुन्छ। केही दिनअघिदेखि उहाँले सोही पालिकाको वडा नम्बर ६ को वडासचिवको जिम्मेवारी समेत सम्हाल्दै आउनुभएको छ। दोहोरो जिम्मेवारीका कारण उहाँले स्वास्थ्य संस्थामा कहिलेकाहीँ मात्र समय दिने गरेको स्थानीयवासीको आरोप छ। रामगोपालपुर नगरपालिका-६ का स्थानीय राम बिनय यादवले स्वास्थ्य केन्द्रको अवस्थाप्रति गम्भीर असन्तुष्टि व्यक्त गर्नुभएको छ। उहाँले भन्नुभयो, "स्वास्थ्य जाँच नगरी औषधि वितरण गर्नु अत्यन्त गैरजिम्मेवार र जोखिमपूर्ण काम हो। यसले बिरामीको स्वास्थ्यसँग प्रत्यक्ष खेलवाड हुन्छ। जिम्मेवार कर्मचारी आफ्नो कार्यस्थलमा नबस्दा सर्वसाधारणले कसरी विश्वास गर्ने ? यस्तो लापर बाही रोक्न सम्बन्धित निकायले

बाँकी पृष्ठ ३ मा

धनुषा-१ निर्वाचन विवादमा आज सर्वोच्चको सुनुवाइ

खबर दर्पण समाचारदाता
फागुन २८ गते, बर्दिवास

धनुषा-१ को निर्वाचनसम्बन्धी विवादको टुंगो शुक्रबार लाग्ने अपेक्षा गरिएको छ। सो क्षेत्रको मतपरिणाम र उम्मेदवारी खारेजीसँग जोडिएको मुद्दामाथि सर्वोच्च अदालतमा आज सुनुवाइ हुने भएको हो।

निर्वाचन आयोगले धनुषा-१ बाट नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का उम्मेदवार मातृकाप्रसाद यादवलाई निर्वाचित भएको घोषणा गर्दै आफ्नो वेबसाइटमा विवरण अद्यावधिक गरिसकेको छ। तर, त्यसको एक दिनपछि रास्वपाका उम्मेदवार किशोरी साह कमललाई कालोसूचीमा नराख्न भन्दै सर्वोच्च अदालतले कर्जा सूचना केन्द्रका नाममा अन्तरिम आदेश जारी गरेको छ।

निर्वाचन आयोगले साहको नाम कर्जा सूचना केन्द्रको कालोसूचीमा रहेको भन्दै उनको उम्मेदवारी खारेज गरेको थियो। उक्त निर्णयविरुद्ध साहले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए। सोही रिटमाथि सुनुवाइ गर्दै न्यायाधीश शारंगा सुवेदीको एकल इजलासले साहलाई कालोसूचीबाट हटाउन अन्तरिम आदेश दिँदै कारण देखाउ आदेशसमेत जारी गरेको हो।

साहले आफ्नो नाम गलत तरिकाले कालोसूचीमा राखिएको दाबी गर्दै सर्वोच्च पुगेका थिए। इजलासले नेपाल राष्ट्र बैंक र कर्जा सूचना केन्द्रलाई अन्तरिम आदेश जारी गरेको छ। निर्वाचन हुनुभन्दा दुई दिनअघि आयोगले साहको उम्मेदवारी खारेज गर्ने निर्णय गरेको थियो। सो निर्णयविरुद्ध दायर गरिएको रिटमाथि आज सुनुवाइ हुने तय भएको छ।

आयोगले फागुन १८ गते साह कालोसूचीमा रहेको प्रमाण भेटिएको भन्दै उम्मेदवारी खारेज गरेको थियो। त्यसपछि साह सर्वोच्च पुगेका थिए। आयोगले मतगणनामा घण्टी चुनाव चिह्नले सर्वाधिक मत ल्याएको र साह अदालत पुगेको अवस्थालाई ध्यानमा राख्दै फागुन २४ गते अदालतको आदेश नआएसम्म मतपरिणाम सार्वजनिक नगर्ने निर्णय गरेको थियो।

यसबीच सर्वोच्चले तत्काल अन्तरिम आदेश जारी नगरी शुक्रबारका लागि पेशी तोकेपछि निर्वाचन अधिकृतको कार्यालयले नेकपाका उम्मेदवार यादवलाई निर्वाचित भएको प्रमाणपत्र प्रदान गरिसकेको छ। आयोगले पनि सो क्षेत्रको मतपरिणाम आफ्नो सर्भरमा बुधबार बेलुकी अद्यावधिक गरेको थियो।

आयोगका अनुसार यादवले १० हजार ४३० मत प्राप्त गरेका छन्। नेपाली कांग्रेसका रामपलटन साहले ९ हजार ९०२ मत र एमालेका रामचन्द्र मण्डलले ९ हजार ३१५ मत प्राप्त गरेका छन्।

अब साहले दायर गरेको रिटमाथि सर्वोच्च अदालतमा हुने शुक्रबारको सुनुवाइबाट यस विवादको अन्तिम निर्णय आउने अपेक्षा गरिएको छ।



सुशासन र ईगभर्नेन्सको कसीमा दलका घोषणापत्र

कृष्ण कुमार साह



भ्रष्टाचार नियन्त्रण, सुशासनको प्रवर्द्धन र नेतृत्वमा पुस्तान्तरण लगायत प्रमुख मागसहित गत भदौको २३ र २४ गतेको जेनजी आन्दोलनले देशभित्र र बाहिर ठूलै तरङ्ग ल्यायो। त्यसले नेपाली राजनीतिको कोर्स नै बदलिदियो। सरकार फ्याँकियो, संसद् विघटन भयो। अन्ततः फागुन २१ गते नयाँ प्रतिनिधिसभाको लागि निर्वाचन सम्पन्न भई राष्ट्रिय स्वतन्त्र पार्टीले झन्डै दुई तिहाइको जनमत पाएको देखिँदैछ।

यस क्रममा विभिन्न दलले आआफ्ना घोषणापत्र सार्वजनिक गरेका छन्। धेरैजसो दलहरूले आफ्नो दस्तावेजलाई 'चुनावी वा निर्वाचन घोषणापत्र' भनेका छन्। केहीले फरक नामकरणसमेत गरेका छन्। नेपाली काँग्रेसले आफ्नो चुनावी मुखपत्रलाई प्रतिज्ञापत्र भनेको छ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आफ्नो दस्तावेजलाई वाचापत्र नाम दिएको छ, जसलाई आंशिक रूपमा प्रतिबद्धता पत्रको रूपमा बुझाइएको छ। नेपाली कम्युनिस्ट पार्टी र उज्यालो नेपाल पार्टीले आ-आफ्ना निर्वाचन दस्तावेजलाई प्रतिवद्धतापत्र नामकरण गरेका छन्। त्यसरी नै राष्ट्रिय प्रजातन्त्र पार्टीले आफ्नो घोषणापत्रलाई संकल्प पत्र भनेको छ।

यस पटकको निर्वाचनमा केही दलका घोषणापत्रलाई निकै महत्वका साथ हेरिएको थियो। केही दलहरूबीच घोषणापत्र सार्वजनिक गर्ने सवालमा प्रतिस्पर्धा भएको पनि पाइयो। अर्को दलले आफ्नो घोषणापत्रमा के राख्छ र त्यसभन्दा राम्रो कुराहरू राखेर आफ्नो दलको घोषणापत्र सार्वजनिक गर्ने रणनीति लिएकोझैँ अनुभव भयो। सुरुमा छोटो र लगत्तै विस्तृत घोषणापत्रहरू सार्वजनिक गर्ने चलन सुरु भएको देखियो।

दलहरूले पनि परम्परागत शैली ब्रेक गर्दै घोषणा पत्रहरूको नामकरणदेखि सार्वजनिकीकरण सम्मका शैलीमा ठोस बदलाव ल्याएको देखियो। पहिला पहिला घोषणा पत्रको सार्वजनिकीकरण यति महत्वका साथ गरिँदैनथ्यो, तर यस पटक निकै महत्वसाथ सार्वजनिक गरियो।

नेपाली काँग्रेसले जनकपुरमा आमसभा गरेर सार्वजनिक गऱ्यो भने रास्वपाले कर्णालीबाट। यी दुई दलले सुरुमा संक्षिप्त र लगत्तै विस्तृत घोषणापत्र ल्याए। नेपाली काँग्रेसले घोषणापत्र केन्द्रित सार्वजनिक व्याख्या कार्यक्रम नै राखेको थियो, जहाँ अनलाइनमार्फत विश्वभरिका मानिसहरूले प्रश्न गर्न पाएका थिए। नेपालको निर्वाचनको इतिहासमा यो सम्भवतः पहिलो पटक भएको होला जहाँ घोषणापत्रमाथि सवाल जवाफ गर्ने कार्यक्रम गरिएको होला। तसर्थ, जेनजी आन्दोलनकै कारण भएको प्रतिनिधिसभा निर्वाचनमा दलहरूले शासकीय सुधार (गभर्नेन्स) र डिजिटल शासन (ई-गभर्नेन्स)का सवाललाई आफ्ना घोषणापत्रमा कसरी सम्बोधन गरेका छन् ? यस उपर विश्लेषण हुनु जरुरी छ। यो लेख त्यतै केन्द्रित छ।

सुशासन र ईगभर्नेन्समा दलको स्पष्टता

नेपाली कांग्रेसले घोषणापत्रको सुरुमै 'बदलियो काँग्रेसः सम्हाल्छौँ परिवेश, बदल्छौँ देश' को नारासहित संस्थागत सुशासन र सार्वजनिक सेवा प्रवाहलाई प्राथमिकतामा राखेको छ। २०४८ सालपछिका सार्वजनिक पदाधिकारीहरूको सम्पत्ति छानबिन गर्न काँग्रेसले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन संशोधन गरी नीतिगत भ्रष्टाचारलाई कानूनी दायरामा ल्याउने, उच्चस्तरीय सम्पत्ति छानबिन आयोग गठन गर्ने र संवैधानिक निकायहरूको नियुक्तिमा दलीय भागबन्डा अन्त्य गर्ने प्रतिबद्धता जनाएको छ।

काँग्रेसले सुशासनलाई मात्र नभई राजनीतिक दलहरू स्वयं पार दर्शी हुनुपर्ने अवधारणा अघि सारेको छ। यसले राजनीतिक दलहरूलाई अपारदर्शी आर्थिक कारोबारबाट मुक्त गराउने महत्वाकांक्षी सोच झल्काउँछ। सार्वजनिक सेवामा 'क्यासलेस, फेसलेस र पेपरलेस' प्रशासनको अवधारणा अघि सार्दै नागरिक एपलाई 'सुपर एप' का रूपमा विकास गर्ने र अधिकांश सरकारी सेवा अनलाइन मार्फत उपलब्ध गराउने वाचा काँग्रेसले गरेको छ। घोषणा पत्रमा नेकपा एमालेले 'समृद्ध नेपाल, सुखी नेपाली' को नारालाई नै नीतिगत गन्तव्य बनाएको छ। एमालेको घोषणापत्रले देश पहिला, लोकतन्त्र र सुशासनलाई मुख्य आधार मानेको छ। एमालेले आर्थिक वृद्धिलाई मुख्य प्राथमिकतामा राखेको छ र विकास निर्माणमा समय सीमा तोकेर"फास्ट-ट्र्याक" मोडेलमा परियोजना सम्पन्न गर्ने बाचा गरेको छ। अघिल्लो सरकारको पालामा सुरु गरिएका आयोजना सम्पन्न गर्ने प्रतिबद्धता पनि एमालेले दोहोऱ्याएको छ। मन्त्रीहरूको कार्यसम्पादन मूल्याङ्कनको अवधारणा अघि सारेको छ। भ्रष्टाचार नियन्त्रणलाई एमालेले राष्ट्रिय अभियानकै रूपमा अघि बढाउने उल्लेख गरेको छ। एमालेले पनि संवैधानिक निकायमा दलीय भागबन्डा अन्त्यको कुरा उठाएको छ तर काँग्रेसको तुलनामा यसले ई-गभर्नेन्स र डिजिटल रूपान्तरणमा थोरै मात्र स्थान दिएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आफ्नो घोषणापत्रलाई 'रूपान्तरणका लागि नीतिगत प्रस्थानका १०० आधारहरू' का रूपमा प्रस्तुत गरेको छ। रास्वपा सुशासन र ई-गभर्नेन्सको हिसाबले सबैभन्दा आक्रामक देखिन्छ। रास्वपाले सरकारी सेवा अनलाइन र अनलाइनमै उपलब्ध गराउने, कार्यालय धाउनु पर्ने बाध्यता अन्त्य गर्ने, फाइल घुमाउने परम्परागत प्रक्रियालाई डिजिटलाइज्ड गर्ने, साथै संवैधानिक निकायहरूमा दलीय प्रभाव पूर्ण रूपमा अन्त्य गर्ने कुरा उठाएको छ।

रास्वपाले निजामती सेवामा ल्याटरल इन्ट्री र करार सेवाको व्यवस्था गर्ने, र कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनलाई नतिजामुखी बनाउने प्रतिबद्धता जनाएको छ। साथै, राजनीतिक दललाई पार दर्शी बनाउन निर्वाचन आयोगको पोर्टलमा आय-व्यय विवरण अनिवार्य रूपमा राख्नुपर्ने र महालेखा परीक्षकबाट लेखापरीक्षण गराउनुपर्ने प्रस्ताव गरिएको छ। रास्वपाको घोषणापत्रले डिजिटल सुशासन, पारदर्शिता र सार्वजनिक सेवा प्रवाहलाई केन्द्रमा राखेको छ। पूर्व सांसदहरूको सम्पत्ति छानबिन गर्ने, राजनीतिक दलहरूले पाउने आर्थिक सहायतामा पारदर्शिता ल्याउनेजस्ता प्रस्ताव पनि रास्वपाले अघि सारेको छ।

राप्रपाले 'संरक्षणकारी विकासवाद'को अवधारणा अघि सार्दै सुशासनलाई राष्ट्रिय एकतासँग जोडेको छ। राप्रपाले संवैधानिक अङ्गहरूमा दलीय भागबन्डा अन्त्य गर्ने र योग्यता र पारदर्शिताका आधारमा नियुक्ति गर्ने प्रतिबद्धता जनाएको छ। साथै, राजनीतिक दलहरूको आय-व्ययको नागरिक अडिट गर्ने व्यवस्था पनि राप्रपाले प्रस्ताव गरेको छ। भ्रष्टाचारीलाई आजीवन सार्वजनिक पदमा प्रतिबन्ध लगाउने र सम्पत्ति राष्ट्रियकरण गर्ने राप्रपाको प्रस्ताव अन्य दलको भन्दा कडा देखिन्छ।

जनता समाजवादी पार्टी (जसपा)ले सुशासनलाई संविधान संशोधन र सङ्घीयताको पुनर्संरचनासँग जोडेको छ। जसपाले शासकीय स्वरूपमा परिवर्तन गर्ने, निर्वाचन प्रणालीलाई सरल बनाउने,

बाँकी पृष्ठ ३ मा

☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

जनकपुर

धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि.	५२५८००
जनपा वारुण यन्त्र	५२००११
एम्बुलेन्स (सरोज फाउण्डेशन)	५२२८०६
एम्बुलेन्स (मारवाडी सेवा समिति)	–५२२७६२, ५२१७८४
एम्बुलेन्स (जानकी मेडिकल कलेज)	–५२६०९०, ५२६०९१
महाविर युवा कमिटी ऐंबुलेंस्	२५९८०
कृष्णा नर्सिग होम	५२१९१८
जनकपुर मेडिकल सेन्टर	५२०७१४
जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर	५२३३२८
जनकपुर रेल्वे	५२०२११
आँखा अस्पताल	५२०३९७
जनकपुर सुरक्षा गुल्म	५२०१८६/५२६५८६
प्रहरी	५२००९९
एम्बुलेन्स रेडक्रस	१०२
जनकपुर अञ्चल अस्पताल	५२००३३
बछार प्रसुति सेवा केन्द्र	५२२४५७
विद्युत फ्युज शाखा	५२०१५१
बुद्ध एयर	५२५०२२
गोर्खा एयर	५२१२९४
सीता एयर	५२५९९०
जानकी केबल टिभी नेटवर्क	५२३७२८

वर्दिवास

बर्दिवास अस्पताल	५५००९०
ट्राफीक प्रहरी	५५००५५
छिन्नमस्ता सशस्त्र प्रहरी गण	५५०४०४
जिल्ला खानेपानि (गौरी डाडाँ)	५५०००५
ढल्केवर (नो लाईट)	०४१-५६००६८
सुरक्षा क्याम (रेडियो नेपाल)	५५००२३
बर्दिवास नगरपालिका	५५००३१
खानेपानि कार्यालय	५५०११०
प्रहरी	५२०१९९
प्रहरी	५२००९९
बर्दिवास दुरसञ्चार	५५००००
पारिजात स्मृति अस्पताल	५५०३७२
नेपाल परिवार नियोजन संघ	५५०१०७
इलाका प्रहरी कार्यलय वर्दिवास	५५०००६
खानेपानी बर्दिवास	५५०१४३
रेडक्रस एम्बुलेन्स	५२०१००
मेरी स्टोप्स सेन्टर	५५०१२६
शूभ स्वस्तिक हस्पिटल	५५०२५५
जनसेवा हस्पिटल	५५०४०६
बर्दिवास आँखा अस्पताल	५५०४७७
इलाका प्रशासन कार्यालय वर्दिवास	५५०६६८
IRDS समाज सहकारी अस्पताल	५५०४०१

ढल्केवर

खानेपानी	९८२४८०५९५०
इलाका प्रहरी कार्यालय	०४१-५६०१००
प्रहरी	५२००९९
विद्युत फ्युज शाखा	०४१-५६०१६८
एम्बुलेन्स	९८०४८६७५५४
एम्बुलेन्स	९८१५८३२०३२
ओम शान्ति पोलिक्लिनिक	०४१-५६०१५२

जलेश्वर

अस्पताल	५२००७०
प्रहरी	५२०००९
अस्थायी प्रहरी चौकी भीठामोड	५२०२०९
एम्बुलेन्स	५२०१००
विद्युत्	५२००६६
विद्युत्	५२०११६

महेन्द्रनगर

एम्बुलेन्स (सोसल वेलफेयर & रिसर्च सेन्टर)	४१-५४०२३२
महेन्द्रनगर,धनुषा	९८४४०२४४५०/ ९८०४८२५८६०
एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज)	०४१-६२०४९१ ९८०४८१५१२६
इलाका प्रहरी कार्यालय महेन्द्रनगर	५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर	५४०१६१

सुशासन र ईगभर्नेन्सको कसीमा.....

र प्रदेश र स्थानीय तहलाई थप अधिकार सम्पन्न बनाउन संविधान संशोधन, पहिचान र सामर्थ्यको आधारमा राज्य पुनर्संरचना गर्ने मुद्दालाई मुख्य रूपमा उठाएको छ। सुशासन र ई-गभर्नेन्सका हिसाबले जसपाले स्वास्थ्य र शिक्षा क्षेत्रलाई प्राथमिकतामा र खेको छ। नगदरहित कारोबार र भ्रष्टाचार नियन्त्रणमा शून्य सहनशीलता देखाउने प्रतिबद्धता जसपाले जनाएको छ। तर, डिजिटल सुशासनको समग्र ढाँचा र यसको कार्यान्वयन पक्षमा जसपाको घोषणापत्र त्यति स्पष्ट देखिँदैन।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र सुदृढीकरणलाई मुख्य मुद्दा बनाएको छ। यसले संविधान संशोधन, शासकीय स्वरूप र निर्वाचन प्रणालीमा परिवर्तन गर्नुपर्ने माग राखेको छ। सुशासन र ई-गभर्नेन्सको सवालमा नेकपा अपेक्षाकृत कम स्पष्ट देखिन्छ। यद्यपि, यसले राष्ट्रिय स्वाधीनता र वैदेशिक हस्तक्षेपको अन्त्य गर्ने कुरालाई प्राथमिकता दिएको छ, जुन सुशासनको एउटा पाटो हो।

राष्ट्रिय मुक्ति पार्टी (रामुपा) को घोषणापत्र भने धेरै हदसम्म वैचारिक र दार्शनिक देखिन्छ। 'स्वदेशवादी मार्ग' र 'बहुल राष्ट्रिय लोकतन्त्र' को अवधारणा अघि सारेको यस पार्टीले संविधान पूर्ण रूपमा पुनर्लेखन गर्नुपर्ने माग राखेको छ। सुशासन र ई-गभर्नेन्सभन्दा पनि राज्यको पुनर्संरचना र पहिचानको मुद्दामा यसको घोषणापत्र केन्द्रित देखिन्छ। उज्यालो नेपाल पार्टीले हरेक नागरिकको डिजिटल स्वास्थ्य प्रोफाइल बनाउने र अनलाइनमार्फत नै सेवा प्रवाह गर्ने प्रतिबद्धता जनाएको छ। सुशासनको आधुनिक आयाम ई-गभर्नेन्सलाई हेर्ने दृष्टिकोणमा दलहरूबीच स्पष्ट भिन्नता देखिन्छ। रास्वपा र काँग्रेसले डिजिटल सुशासनलाई सुशासनको केन्द्रमा र खेका छन्। रास्वपाको प्रस्ताव निकै विस्तृत र कार्यान्वयनमुखी छ भने कांग्रेसले नागरिक एपलाई सुपर एपको रूपमा विकास गर्नेजस्ता ठोस योजना अघि सारेको छ। एमाले र जसपा पनि डिजिटलाइजेसनको पक्षमा छन् तर उनीहरूको योजना तुलनात्मक रूपमा सीमित देखिन्छ। नेकपा र रामुपाको घोषणापत्रमा भने ई-गभर्नेन्सको अवधारणाले खासै स्थान पाएको छैन।

ई-गभर्नेन्सको दृष्टिकोण

डिजिटल प्रविधिको आगमनले परम्परागत शासन प्रणालीलाई विद्युतीय शासन (ई-गभर्नेन्स) मा रूपान्तरण गर्न उत्प्रेरकको काम गरेको छ। बङ्गलादेशी विद्वान भुइयाँका अनुसार सार्वजनिक प्रशासनमा सूचना तथा सञ्चार प्रविधि (आईसीटी) को एकीकरणको रूपमा परिभाषित ई-गभर्नेन्सले सरकारी दक्षता, पारदर्शिता र नागरिक-केन्द्रित सेवा प्रवाह अभिवृद्धि गर्ने लक्ष्य राख्दछ।

सन् १९७२ मा डिजिटल उपकरणहरू सरकार वा व्यवसायमा सामान्य हुनुअघि नै चिलीले पहिलो पटक ई-गभर्नेन्सको अभ्यास गरेको थियो। प्रोफेसर स्ट्याफर्ड बियरले राष्ट्रपति साल्भादोर अलेन्देसँग काम गर्दै रियल टाइम इन्फरमेसन सिस्टम बनाउने प्रस्ताव गरेका थिए, जसको उद्देश्य केवल प्रशासनिक दक्षता सुधार गर्नु मात्र नभई देशको लगभग ८० प्रतिशत विदेशी मुद्रा आपूर्तिसँगै तामा निर्यात ठप्प पार्ने गम्भीर आर्थिक नाकाबन्दीको सामना गरिरहेको राष्ट्रलाई राष्ट्रिय सङ्कटको सामना गर्न मद्दत गर्नु थियो।

चिलीले यो प्रणाली महत्त्वपूर्ण आर्थिक अवस्थाको अनुगमन र व्यवस्थापन गर्न प्रयोग गऱ्यो। यसले सरकारलाई समयसापेक्ष तथ्याङ्क र नियन्त्रण संयन्त्रहरू प्रदान गऱ्यो, जसले यसलाई मूल्य स्थिर गर्न र राजनीतिक नियन्त्रण कायम राख्न मद्दत गऱ्यो। यो साहसिक पहलले विश्वको पहिलो सफल र रणनीतिक ई-गभर्नेन्सको प्रयोगको रूपमा पहिचान स्थापित गरायो।

सुशासनले बहुआयामिक प्रक्रियाहरूलाई समेट्ने प्राय हरेक राजनीतिक र प्रशासनिक बहसहरूमा चर्चा हुन्छ। वर्तमान डिजिटल युगमा नेपालको आधुनिकीकरणमा ई-गभर्नेन्सले महत्त्वपूर्ण भूमिका खेल्ने विभिन्न विद्वानहरूले तर्क गर्छन्। नेपालमा सूचना तथा संचार प्रविधि नीति २०७२, डिजिटल नेपाल फ्रेमवर्क २०७६, विधुतीय सुशासन आयोग गठन २०७९ तथा ई-गभर्नेन्स ब्लुप्रिन्ट २०८२ लगायत कानूनी संरचना समेत बनेका छन्।

ई-गभर्नेन्सको महत्वलाई आत्मसात् गरी नेपाल खुला विश्वविद्यालयले ई-गभर्नेन्स र आईसीटीमा स्नातकोत्तर र एमफील कार्यक्रमहरू सञ्चालन पनि गरेको छ। संयुक्त राष्ट्र संघ (युएन) ले प्रत्येक दुई वर्षमा प्रकाशित गर्ने ई-गभर्नेन्स विकास सूचकांक (ईजीडीआई) मा नेपालको स्थितिमा सुधार भएको बताउँछ। १९३ देशहरू मध्ये, नेपालले ०.५७८१ अंकका साथ सन् २०२४ मा ११९ औं स्थान प्राप्त गरेको छ, जुन सन् २०२२ मा १२५ औं स्थानमा थियो।

निष्कर्ष

सबैजसो दलहरूले सार्वजनिक सेवा प्रवाहलाई चुस्त, पारदर्शी र नागरिकमैत्री बनाउन प्रविधिको प्रयोगलाई जोड दिएका छन्। निर्वाचनको मुखमा सार्वजनिक भएका यी घोषणापत्रले शासकीय सुधार र डिजिटल रूपान्तरणप्रति दलहरूको बढ्दो चासो देखाउँछन्। काँग्रेस र रास्वपा यस क्षेत्रमा अघि देखिन्छन् भने एमालेले आर्थिक विकाससँग जोडेर हेरेको छ। तर जनताले रास्वपालाई पत्याए। झन्डै दुई तिहाइको सरकार त्यस दलले बनाउँदै छ र उसकै घोषणापत्र डिजिटल गभर्नेन्स र सुशासनको पक्षमा बढी भोकल देखिन्छ। आखिर हामीलाई सुशासन चाहिएको हो, रास्वपा उदार हुने हो भने अरू दलका घोषणापत्रका असल बुँदाहरू समेत अनुकरण गर्न सक्छ।

निर्वाचनको मुखमा सार्वजनिक भएका घोषणापत्र कति जना मतदाताले हेर्न र पढ्न पाएका थिए वा घोषणापत्रकै आधारमा मतदान गरे, त्यो छुट्टै विश्लेषणको सवाल हो। नेपालमा २०१५ सालदेखि संसदीय निर्वाचनको इतिहासमा यस किसिमको परिणाम ल्याउने रास्वपा मात्र हो। तर, घोषणापत्रमा उल्लिखित प्रतिबद्धतालाई व्यवहारमा उतार्ने कुरा नै उसको वास्तविक परीक्षा हुनेछ। संवैधानिक अंगहरूको स्वायत्तता, सार्वजनिक प्रशासनको पुनर्संरचना र डिजिटल पूर्वाधारको विकासजस्ता विषय दीर्घकालीन सोच र राजनीतिक स्थायित्वको माग गर्छन्।

अब रास्वपाको अगाडि प्रश्न छ-केही दिनमै बन्ने बालेन सरकार ले साँच्चै सुशासन र डिजिटल नेपालको परिकल्पनालाई मूर्त रूप दिन सक्छ? यसको जवाफ नयाँ गठन हुने बालेन सरकारको शासनको अभ्यासले दिनु पर्नेछ। यसमा कुनै किन्तु, परन्तुको गुन्जाइस हुने छैन।

रामगोपालपुर-६ स्वास्थ्य.....

तत्काल आवश्यक कदम चाल्नुपर्छ।"

यस विषयमा रामगोपालपुर नगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत अच्छेलाल दासले नगर पालिकाभर निजामती कर्मचारीको अभाव भएकाले महतोलाई वडा नम्बर ६ को वडासचिवको रूपमा थप जिम्मेवारी दिइएको जानकारी दिनुभयो। उहाँका अनुसार जिम्मेवारी दिँदा स्वास्थ्य संस्थामा अधिकांश समय बिताउनुपर्ने कुरा पत्रमै उल्लेख गरिएको थियो, तर त्यसको पालना नभएकाले समस्या देखिएको हो। स्थानीयवासीका अनुसार स्वास्थ्य केन्द्रमा नियमित सरसफाइको अभावका कारण फोहोर बढ्दै गएको र सेवा व्यवस्थापन पनि अस्तव्यस्त बन्दै गएको छ।

यसैबीच, स्वास्थ्य केन्द्र कार्यालयको मुख्य प्रवेशद्वार भाँचिँदा तीन बालक घाइते भएका छन्। आइतबार सार्वजनिक बिदाको दिन खेल्ने क्रममा सो घटना भएको हो। घाइते हुनेमा स्थानीय विरेन्द्रकुमार यादवका ७ वर्षीय छोरा रबिन यादव, मनोज यादवका ७ वर्षीय छोरा गौतम यादव र शिवशंकर यादवका ८ वर्षीय छोरा दिपेश यादव रहेका छन्। उनीहरूमध्ये रबिन यादवको अवस्था गम्भीर रहेको बताइएको छ।

रबिनको कम्मरमा गम्भीर चोट लागेकोले थप उपचारका लागि उनलाई काठमाडौं लगिएको उनका बुबा विरेन्द्रकुमार यादवले जानकारी दिनुभयो। मधेश प्रदेश सरकारको लागतमा करिब ४५ लाख रुपैयाँ खर्च गरेर निर्माण गरिएको पर्खाल र मुख्य गेट केही दिनअघि मात्र निर्माण सम्पन्न भएको बताइएको छ।

घटनाबारे रामगोपालपुर नगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत दासले विस्तृत रूपमा बुझेर आवश्यक कदम चालिने बताउनुभएको छ। उहाँका अनुसार बिदाको दिन घटना भएकाले कार्यालय बन्द हुँदा घटनाको वास्तविक विवरण अझै पूर्ण रूपमा बाहिर आउन सकेको छैन।

धर्मको धरोहर - जनकपुरधाम
इतिहासको पहिचान - जनकपुरधाम
आस्थाको केन्द्र - जनकपुरधाम
नगरका धार्मिक, पौराणिक, ऐतिहासिक तथा पुरातात्विक महत्वका स्थलहरूको संरक्षण र प्रवर्द्धन गर्दै
जनकपुरधामलाई आकर्षक धार्मिक पर्यटकीय नगरी बनाऔं ।
सम्पदा जोगाऔं, पर्यटन बढाऔं, जनकपुरधाम उज्यालो बनाऔं ।
जनकपुरधाम उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा, मधेश प्रदेश

भूकम्पबाट जोगिन सचेत बनौं
❖भूकम्पको समयमा जोगिने उपायको पूर्वाभ्यास गरौं।
❖भूकम्पबाट जोगिन पूर्वतयारी गरौं।
❖आफ्नो घरको संरचना भूकम्प प्रतिरोधि बनाऔं।
❖परिवार र समुदायलाई भूकम्प सुरक्षाबारे जानकारी गराऔं।
❖भूकम्पको समयमा सुरक्षित स्थानमा बसौं।
❖आपतकालीन सामग्री (पिउने पानी, औषधी, बत्ती, खाजा) तयार राखौं।
भूकम्पको सम्भावित जोखिमबाट बचौं र बचाऔं।
मटिहानी नगरपालिका, महोत्तरी

सार्वजनिक सेवा लिँदा ध्यान दिऔं।
➢आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
➢आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
➢नागरिक बडापत्रका बारेमा जानकारी राखौं,
➢आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
➢सेवा प्राप्त गर्दा विचौलियाको प्रयोग नगरौं,
➢सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
➢जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
➢सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
➢अनियमितता र भ्रष्टाचारबिरूद्ध उजुरी गरौं,
सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।
औरही नगरपालिका, महोत्तरी

मटिहानीमा मदरसा विद्यालय भवनको शिलान्यास

खबर दर्पण समाचारदाता

फागुन २८ गते, बर्दिवास

महोत्तरी जिल्लाको मटिहानी नगरपालिका-२ बरदाहास्थित फैजुल गुर्वा मदरसा आधारभूत विद्यालयको नयाँ आरसीसी पक्की भवन निर्माण कार्यको विहिवार शिलान्यास गरिएको छ।

मटिहानी नगरपालिकाका नगर प्रमुख हरिप्रसाद मण्डलले एक कार्यक्रमबीच भवन निर्माण कार्यको शिलान्यास गर्नुभएको हो। सो अवसरमा उहाँले शिक्षा बिना समाज सुधार सम्भव नरहेको उल्लेख गर्दै शिक्षाको विकासका लागि सबैको सहकार्य आवश्यक रहेको बताउनुभयो। मटिहानी नगरपालिकाको आर्थिक सहयोगमा निर्माण हुन लागेको उक्त भवन करिब रु ८६ लाख ८७ हजारको लागतमा निर्माण गरिनेछ। नगरपालिकाका इन्जिनियर बिमलेश साहका अनुसार विद्यालयका लागि चार कोठे आरसीसी पक्की भवन निर्माण गरिनेछ, जसले विद्यालयको शैक्षिक वातावरणलाई थप व्यवस्थित र सहज बनाउन सहयोग पुग्ने विश्वास गरिएको छ।

नयाँ भवन निर्माणले विद्यालयको भौतिक पूर्वाधारमा सुधार हुनुका साथै विद्यार्थीलाई अध्ययनका लागि थप सहज वातावरण उपलब्ध हुने अपेक्षा गरिएको स्थानीयवासीले बताएका छन्।शिलान्यास कार्यक्रममा वडा नं. २ का वडाध्यक्ष मोहम्मद रयुफ, वडा नं. ३ का वडाध्यक्ष नाजिर मियाँ, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामजतन यादव, मटिहानी नगरपालिकाका शिक्षा शाखा प्रमुख श्रीशकुमार मिश्र, विद्यालयका प्रधानाध्यापक ज्याबुल हक लगायतको उपस्थिति रहेको थियो।

यसैगरी मटिहानी नगरपालिका अन्तर्गतका विभिन्न विद्यालयका प्रधानाध्यापक, स्थानीय अगुवा मन्जुर शेख तथा स्थानीयवासीको समेत उल्लेखनीय सहभागिता रहेको थियो।

श्री प्रसाद सिंह माध्यकि (०-१२) विद्यालय औरही नैनीगौरी

औरही न.पा.-२, महोत्तरी

सूचना ! सूचना !! सूचना !!!

वि.व्य.स.को मिति २०८२।०९।०९ को निर्णय अनुसार यस श्री प्रसद सिंह मा.वि. (० - १२) औरही नैनीगौरी, औरही न. पा. २ महोत्तरीमा तपसिल अनुसारका कार्य कोटेशनको माध्यमबाट गराउन निर्णय भएकोले सोही कार्यकालागि फार्म वा कम्पनीलाई सूचि दर्ता गर्न ७ दिने सूचना प्रकाशित गरिएकोछ ।

तपसिल

१. क) साइन्स ल्याव निर्माण तथा फर्निचर व्यवस्थापन
   ख) साइन्स ल्याव सामग्री खरीद
२. क) पुस्तकालय निर्माण तथा व्यवस्थापन
   ख) फर्निचर व्यवस्थापन
   ग) पुस्तकालयको लागि आवश्यक पाठ्यसामग्री व्यवस्थापन
३. क) कम्प्युटर ल्याव निर्माण तथा व्यवस्थापन
   ख) कम्प्युटर समेत फर्निचर व्यवस्थापन

उपरोक्त ३ वटा कार्यकालागि छुट्टाछुट्टै सूचि दर्ता गर्नुपर्ने छ । सूचि दर्ता पछि १५ दिने कोटेसन बुझाउन सूचित गरिनेछ । कोटेसन स्वीकृत भएपछि कार्य सम्पन्न गर्न खरीद आदेश दिइनेछ । खरीद आदेश र सामग्री खरीद व्यवस्थापन, संचालन पछि नियमानुसार भुक्तानी हुनेछ।

प्राधानाध्याप

मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !

"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!"

गौशाला नगरपालिका, महोत्तरी

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,